# कुथेली बुखरी स्मल हाइड्रो पावर लि.
# Kutheli Bukhari Small Hydropower Ltd.

बानेश्वर थापागाउँ–१०, काठमाडौं, नेपाल

स्थापित: २०६८

पत्र संख्या :– 2080/081

चलानी नं :– 34

क.र.द.नं : १३१८१० ०७१ ७२

पान नं : ३०४९८२१८५

मिति २०८०।०९।०८

श्री नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरवार, नेपाल

**विषय : आ.व. २०७९।०८० को वार्षिक साधारण सभा गर्ने जानकारी पेश गरेको सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्वन्धमा यस लिमिटेडको आ.व. २०७९।०८० को वार्षिक साधारण सभा यही पौष २७ गते हुन गै रहेको व्यहोरा जानकारी गराईएको व्यहोरा हार्दिक अनुरोध छ । उक्त वार्षिक साधारण सभा सम्वन्धी सम्पुर्ण जानकारी सुचना प्रकाशीत गरिएको छ सो सुचना यसै साथ सलग्न छ । साथै यस कम्पनीको प्रथम त्रैमासीकको अपरिष्कृत वितिय विवरण समेत संलग्न छ ।

भवदिय

.........................

सन्तोष प्रसाद मैनाली

अध्यक्ष

2080/9/18

Ph: 01-4468423, E-mail: kuthelihydro@gmail.com

# कुथेली बुखरी स्मल हाइड्रोपावर लिमिटेडको
## बाह्रौं ( १२ औं ) वार्षिक साधारणसभा सम्बन्धी सूचना

यस कम्पनीको मिति २०८०/०९/०३ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम यस कम्पनीको बाह्रौं वार्षिक साधारणसभा निम्न मिति, स्थान र समयमा निम्न लिखित विषय उपर छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा शेयरधनी स्वयं उपस्थित हुन वा रीतपूर्वक प्रतिनिधी मुकरर गरी पठाइ दिनु हुन सबै शेयरधनी महानुभावहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

मिति,स्थान र समय

| | |
|---|---|
| मिति: | २०८०/०९/२७ गते, शुक्रबार अर्थात जनवरी १२, २०२४ । |
| स्थान: | जर्मन होम्स हस्पिटालिटी प्रा. लि., गठ्ठाघर, साझा पेट्रोल पम्प नजिकै । |
| समय: | बिहान ११:३० बजे देखि । |

साधारणसभामा प्रस्तुत गरिने विषयहरु

क. साधारण प्रस्ताव :

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ. व.(२०७९/०८० को वार्षिक प्रतिवेदनको प्रस्तुति र सोको अनुमोदन गर्ने सम्बन्धमा ।

(२) लेखापरीक्षण प्रतिवेदन र आ. व. ( २०७९/०८० को वार्षिक आर्थिक विवरण अन्तर्गत २०८० साल आषाढ मसान्तको वासलात, २०७९ साल श्रावण १ गतेदेखि २०८० साल आषाढ मसान्तसम्मको नाफा/नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन र सोसाग सम्बन्धित सम्पूर्ण अनुसूचिहरूलाइ छलफल गरी अनुमोदन गर्ने सम्बन्धमा ।

(३) आ. व. ( २०८०/०८१ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।(हालका लेखापरीक्षक श्री ई. आर. सिंदेल एण्ड एसोसियटस चार्टर्ड एकाउन्टेन्टस पुन नियुक्तिका लागी योग्य हुनुहुन्छ)।

(४) सर्वसाधारण समुह बाट १ जना सञ्चालकको निर्वाचन गर्ने सम्बन्धमा ।

(५) सञ्चालक समितिको गठन गर्ने सम्बन्धमा ।

ख. छलफलका लागी विशेष प्रस्ताव :

१. कम्पनीले नयाँ आयोजनाहरुको पहिचान गरि लगानी गर्ने तथा अरु कम्पनीबाट समेत प्रवर्द्धन भई विकाश निर्माण भइरहेका जलविद्युत आयोजनाहरुमा लगानी गर्ने सम्बन्धमा ।

ग. विविध :

१२ औं वार्षिक साधारणसभा हुने सम्बन्धी जानकारीहरु

१. साधारण सभामा उपस्थित हुने शेयरधनीहरुले अनिवार्य रुपमा आफनो परिचय स्पष्ट खुल्ने किसिमको फोटो सहितको प्रमाण पत्र तथा हितग्राही खातामा रहेको यस कम्पनीको शेयर विवरण वा साथमा शेयर प्रमाण पत्र लिई सभामा भाग लिन हुन अनुरोध छ ।

२. शेयरधनीहरुको दरखास्तको लागि शेयरधनी उपस्थिति पुस्तिका बिहान १०:३० बजेबाट खुल्ला गरिनेछ ।

३. १२ औं वार्षिक साधारण सभाको प्रयोजनका लागि मिति २०८० साल पौष १८ गते एक दिनका लागि शेयरको दर्ता किताब बन्द रहनेछ । मिति २०८० साल पौष १८ गतेको अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई तीन कार्य दिनभित्र कारोबार भई प्रचलित कानुन बमोजिम नियुक्त शेयर रजिष्ट्रार श्री एनएमबी क्यापीटल लि. ले उपलब्ध गराएको शेयर नामावालीको लिखितको आधारमा शेयरधनी वा दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र यस कम्पनीको आव २०७९/०८० को यस सभामा भाग लिन योग्य हुनेछन् ।

४. साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा वार्षिक प्रतिवेदन पुस्तिका अनुसारको प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्नुपर्नेछ । यसरी प्रतिनिधी नियुक्ती गर्दा साधारण सभा सुरु हुन ४८ घण्टा अगावै यस कम्पनीको सचिवालयमा दर्ता गराई सक्नु पर्नेछ । तर प्रतिनिधि नियुक्त गर्नु भएका शेयरधनी आफै उपस्थित भई हाजिर पुस्तिकामा दस्तखत गरेमा प्रतिनिधिपत्र स्वतःबदर हुनेछ ।

५. एक भन्दा बढी व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा लागत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्नु हुनेछ । कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभा भाग लिन सक्नु हुनेछ ।

६. कुनै शेयरधनी महानुभावहरुले छलफलका विषयहरू मध्ये विविध शिर्षक अन्तर्गत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न गराउन चाहेमा सभा हुनु भन्दा ७ कार्यदिन अगावै कम्पनी सचिव मार्फत सचालक समितिको अध्यक्षलाई लिखित रुप प्रस्ताव दिनुपर्नेछ । त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा बहसको रुपमा समावेस गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहीत हुनेछ ।

७. सचालकको निर्वाचन सम्बन्धी कार्यक्रम साधारण सभाहुनु भन्दा ७ दिन अगावै यस कम्पनीको केन्द्रिय कार्यालयमा प्रकाशन गरिनेछ. निर्वाचान सम्बन्धी जानकारी लिन परेमा यस कम्पनीको कार्यालय समय भित्र कम्पनीको सचिव सग सम्पर्क गर्न सकिने छ । उम्मेद्धार हुन शेयरधनी स्वयम उपस्थिती हुनुपर्नेछ ।

८. साधारण सभा सम्वन्धि अन्य कुराहरुको जानकारी आवश्यक भएमा कार्यालय समयमा कम्पनीको प्रधान कार्यालय थापागाउ काठमाण्डौमा सम्पर्क राखी लिन सकिने छ । थप जानकारीको लागि कम्पनीको वेब साइट kuthelihydropower.com बाट प्राप्त गर्न सक्नु हुनेछ ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**